## वस्तुगत प्रश्नोत्तर

१. **सरकारले गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता प्रदान गर्न कहिलेदेखि सुरु गरेको हो ?**
✍ विसं २०८० असोज ३०
- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा प्रधानमन्त्री निवास बालुवाटारमा असोज ३० गते गैरआवासीय नागरिकता प्रदान गर्ने कार्यको शुभारम्भ गरिएको । पहिलो पटक गैरआवासीय नेपाली सङ्घका अध्यक्ष कुल आचार्य र कार्यकारी अध्यक्ष बद्री केसीलाई गैरआवासीय नागरिकता प्रदान गरिएको।
- नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता प्रदान गर्न सकिने व्यवस्था रहेको।
- २०८० कात्तिक १ गतेदेखि ७७ वटै जिल्ला प्रशासन कार्यालयबाट गैरआवासीय नागरिकता वितरण गरिने।

२. **अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर कति कायम हुने प्रक्षेपण गरेको छ ?**
✍ ०.८ प्रतिशत
- आइएमएफले गत अप्रिलमा सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर ४.४ प्रतिशत रहने प्रक्षेपण गरेको थियो । आइएमएफले सन् २०२४ मा भने नेपालको आर्थिक वृद्धिदर ५ प्रतिशत रहने प्रक्षेपण गरेको।
- सन् २०२३ मा नेपालमा मूल्य वृद्धि ७.८ प्रतिशत रहने आइएमएफले जनाएको।
- सन् २०२३ अक्टोबरमा आइएमएफद्वारा गरिएको नयाँ प्रक्षेपण अनुसार सन् २०२३ मा एसियाको आर्थिक वृद्धि ४ प्रतिशत रहने। त्यसै गरी सन् २०२४ मा ४.२ प्रतिशत हुने आइएमएफले जनाएको।

३. **विश्व मानसिक स्वास्थ्य दिवस कहिले मनाइन्छ ?**
✍ अक्टोबर १०
- सन् २०२३ को नारा – मानसिक स्वास्थ्य : विश्वव्यापी मानव अधिकार

४. **सेवाग्राहीहरूको सर्वोपरि हितका लागि नागरिक बडापत्रको अवधारणा ल्याउने व्यक्ति को हुन् ?**
✍ बेलायतका प्रम जोन मेजर
- विश्वमा नागरिक बडापत्रको सुरुवात सन् १९९१ जुलाई २२ मा बेलायतबाट भएको।
- नेपालमा नागरिक बडापत्रको प्रयोग विसं २०५६ देखि सुरु भएको।
- नेपालमा क्षतिपूर्तिसहितको नागरिक बडापत्रको सुरुवात विसं २०७० वैशाख २ देखि भएको।

५. **एटिएम मेसिनको आविष्कार कसले गरेका हुन् ?**
✍ जोन सेफर्ड बारोन
- एटिएम मेसिनको सुरुवात सन् १९६७ देखि भएको हो।
- बेलायतको लन्डनस्थित एक बैङ्कमा पहिलो पटक सन् १९६७ मा यो मेसिन प्रयोगमा ल्याइएको थियो।
- सुरुमा होल इन द वाल नामबाट चिनिने यो मेसिनमा चार अङ्कको पिन नं. प्रचलनमा रहेको छ।
- नेपालमा पहिलो पटक एभरेस्ट बैङ्कले एटिएम प्रयोगमा ल्याएको हो।

६. **इतिहासमै पहिलो पटक प्रधानमन्त्रीसँग मन्त्रीहरूको कार्यसम्पादन सम्झौता कहिले गरियो ?**
✍ विसं २०७६ साउन १५
- नेपालको राजनीतिक तहमा इतिहासमै पहिलो पटक प्रधानमन्त्री र मन्त्रीबिच कार्यसम्पादन सम्झौता भएको।
- दिगो विकासको लक्ष्य पूरा गरी सन् २०३० भित्र देशलाई मध्यम आय भएको मुलुकका रूपमा रूपान्तरण गर्न सो खालको सम्झौता भएको बताइएको।
- सम्झौता अनुरूप कार्यप्रगति भए, नभएको प्रधानमन्त्री कार्यालयले हेर्ने साथै कार्यसम्पादनका आधारमा पुरस्कृत र दण्डित गर्न सकिने प्रावधानसमेत रहेको।

७. **राणाकालीन समयमा निजामतीतर्फ सबैभन्दा उच्च पद कुन थियो ?**
✍ बडाकाजी
- (राणाकालीन समयमा दर्ज्यानी क्रममा माथिबाट तल क्रमशः बडाकाजी, काजी, सरदार, मिरसुब्बा, सुब्बा, नायबसुब्बा, खरिदार, डिट्ठा, मुखिया, पहिदार र नौसिन्दा रहेका।)

८. **प्राचीन ओलम्पिक खेलको सुरुवात ग्रिसको ओलम्पिकबाट भएको थियो भने आधुनिक ओलम्पिक खेलको सुरुवात कहाँबाट भएको हो ?**
✍ ग्रिसकै एथेन्सबाट

९. **संयुक्त राष्ट्रसङ्घीय खगोल युनियनद्वारा आफ्नो सयौँ वार्षिकोत्सवका अवसरमा सौर्यमण्डलबाहिर रहेको एक तारालाई के नामकरण गरिएको छ ?**
✍ सगरमाथा (सन् २०१९ डिसेम्बर १७ मा)
- HD100777 सङ्केतयुक्त सो तारा सूर्य जस्तै आकृतिको रहेको।
- १७२ प्रकाश वर्ष टाढा रहेको सो तारा १.२ अर्ब वर्ष पुरानो रहेको अनुमान।
- त्यसै गरी राष्ट्रसङ्घीय खगोल युनियनले HD100777 'B' सङ्केतयुक्त एक ग्रहलाई लालीगुराँस नामकरण गरेको।
- सो ग्रह वृहस्पतिभन्दा १.१६ गुना ठुलो रहेको।
- उक्त ग्रहले आफ्नो ताराको एक फन्को लगाउन ३८४ दिन लाग्ने।
- सो ग्रहमा जीवको सम्भावना नरहेको।

१०. **कुन हिमाललाई अफ्रिकाको छानो भनेर पनि सम्बोधन गरिन्छ ?**
✍ किलिमञ्जारो
- अफ्रिकी महादेशको तान्जानियामा अवस्थित यो हिमाल त्यहाँको आकर्षक पर्यटीय गन्तव्य पनि हो।
- यो अफ्रिकाको सबैभन्दा अग्लो हिमालका रूपमा रहेको।
- यो हिमाल आरोहण गर्दा विशेष तयारी र हिमाल चढ्दा चाहिने विशेष उपकरणहरू आवश्यक नपर्ने तर उचाइका कारण हुने 'अल्टिच्युड सिकनेस' भने लाग्न सक्ने।

११. **प्राचीन युद्ध अभ्यासको अभिनयका रूपमा पञ्चेबाजाको तालमा हतियार देखाई नाचिने नाच कुन हो ?**
✍ सरायँ नाच
- खुँडा, खुकुरी, भाला, तरबारलगायतका विभिन्न घरेलु, हतियार देखाएर नाच्ने गरिएको सरायँ नाच सुरक्षाको दृष्टिकोणले हाल काठका हतियार, रुमाल, मयुरका प्वाँख र फूलका साथ नाच्न थालिएको।
- यो नाच विशेष गरी गुल्मी, अर्घाखाँची, स्याङ्जा, प्युठान, बागलुङलगायतका पहाडी जिल्लामा प्रचलनमा रहेको । यो क्षेत्रमा विशेष गरी विजयादशमीदेखि पूर्णिमासम्म सरायँ नाच आयोजना गर्ने गरिएको।

१२. **ग्लोबल हङ्गर इन्डेक्स २०२३ अनुसार विश्वव्यापी भोकमरी सूचकाङ्कमा नेपाल कति औँ स्थानमा रहेको छ ?**
✍ ६९ औँ
- भोकमरी सूचकाङ्क सूचीमा पहिलो स्थानमा बेलारुस रहेको।
- कुल १२५ देशको तथ्याङ्क रहेको सो सूचकाङ्कको अन्तिम स्थानमा मध्यअफ्रिकी गणतन्त्र रहेको।
- सन् २०२२ मा ८१ औँ स्थानमा रहेको नेपालले सुधार गर्दै यस वर्ष ६९ औँ स्थानमा आइपुगेको।
- विश्वमा सबैभन्दा कम भोकमरी भएको देश : बेलारुस
- विश्वमा सबैभन्दा बढी भोकमरी भएको देश : मध्य अफ्रिकी गणतन्त्र

१३. **नेपाल–चीनबिच अन्तरसंसदीय सहयोग सम्झौता कहिले भएको हो ?**
✍ विसं २०७९ भदौ २६

१४. **विश्वको सबैभन्दा ठुलो सौर्य टेलिस्कोप सेट बनाउने मुलुक कुन हो ?**
✍ चीन

१५. **अल्पविकसित राष्ट्रहरूको पाँचौँ सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**
✍ सन् २०२३ मार्च ५–९, दोहा, कतार

१६. **थोमस अल्भा एडिसनको जन्म कहिले भएको हो ?**
✍ सन् १८४७ फेब्रुअरी ११
- उनको जन्म अमेरिकाको ओहायो राज्यमा भएको।
- ग्रामोफोन, विद्युत् बल्ब, चलचित्र क्यामेरा, प्रोजेक्टरको आविष्कार गर्ने वैज्ञानिक थोमस अल्भा एडिसन हुन्।
- टेलिफोनबाट सर्वप्रथम हेलो शब्द प्रयोग गर्ने वैज्ञानिक एडिसन हुन्।
- हालसम्म सबैभन्दा धेरै आविष्कार गर्ने वैज्ञानिकका रूपमा एडिसनलाई चिनिन्छ।
- थोमस अल्भा एडिसनको मृत्यु सन् १९३१ अक्टोबर १८ मा भएको।

१७. **नेपालमा प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ कहिले भएको हो ?**
✍ विसं २०७५ फागुन १

१८. **फोहोर शून्य अभियान सञ्चालन गरिएको राष्ट्रिय निकुञ्ज कुन हो ?**
✍ चितवन राष्ट्रिय निकुञ्ज

१९. **'मैले देखेको नेपाल' नामक पुस्तकका लेखक को हुन् ?**
✍ हर्क गुरुङ

२०. **पहिलो विश्वकप फुटबल प्रतियोगिता कहिले भएको हो ?**
✍ सन् १९३०
- पहिलो विश्वकप फुटबल प्रतियोगिता उरुग्वेमा भएको।
- सो प्रतियोगितामा १३ राष्ट्रको सहभागिता रहेको।
- फिफा विश्वकपमा सहभागी राष्ट्र सन् १९८२ मा २४ तथा सन् १९९८ मा ३२ पुऱ्याइएको।
- सन् २०२६ को वर्ल्डकपमा सहभागी हुने राष्ट्रको सङ्ख्या : ४८।

२१. **नेपाल उद्योग परिसङ्घ युवा उद्यमी मञ्च नेपालद्वारा नेपाल स्टार्टअप फेस्टको दोस्रो संस्करण कहिले गर्ने भएको हो ?**
✍ सन् २०२३ डिसेम्बर २३
- नेपाल स्टार्टअप फेस्टको पहिलो संस्करण सन् २०२२ मा सम्पन्न भएको।

२२. **१०/१०/१० अभियान केसँग सम्बन्धित रहेको छ ?**
✍ जलवायु परिवर्तन

२३. **नेपालमा वन्यजन्तुको डिएनए परीक्षण प्रयोगशाला कहाँ सञ्चालनमा ल्याइएको छ ?**
✍ खुमलटारस्थित राष्ट्रिय विधिविज्ञान प्रयोगशाला
- नेपालमा वन्यजन्तुको डिएनए परीक्षणको सुरुवात विसं २०७४ पुस ४ देखि भएको।
- मान्छे र वन्यजन्तुको डिएनए परीक्षण गरिने (एउटै प्रयोगशालामा) यो दक्षिण एसियामै पहिलो प्रयोगशालाका रूपमा रहेको।

२४. **संयुक्त राष्ट्रसङ्घमा उपमहासचिवको व्यवस्था कहिलेदेखि गरिएको हो ?**
✍ सन् १९९८
- संयुक्त राष्ट्रसङ्घको पहिलो उपमहासचिव क्यानडाका लुइस फ्रेसेट (सन् १९९८–२००६) हुन्।
- हाल संयुक्त राष्ट्रसङ्घको उपमहासचिवमा नाइजेरियाका अमिना जे. मोहम्मद रहेका।

२५. **संयुक्त राष्ट्रसङ्घको कति औँ महासभाबाट नेपाल पहिलो पटक राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा निर्वाचित भएको हो ?**
✍ ७२ औँ
- संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा एसिया प्रशान्त क्षेत्रबाट नेपालसहित अफगानिस्तान, कतार र पाकिस्तान निर्वाचित भएका।
- नेपाल सर्वाधिक १६६ मतका साथ चयन हुन सफल भएको।
- निर्वाचित सदस्य राष्ट्रहरूको कार्यावधि सन् २०१८ जनवरी १ देखि २०२० डिसेम्बर ३१ सम्म (तीन वर्ष) रहेको।
- मानव अधिकार परिषद्मा ४७ सदस्य राष्ट्र रहने प्रावधान।

२६. **विषखेला पर्व कुन जातिमा प्रचलित पर्व हो ?**
✍ सतार
- (बिसखेला पर्व चौर वा खेल मैदान वरिपरि १० देखि १५ वटा समूहमा रहेका मन्त्र सिकेका समूहले मन्त्रमार्फत बाजागाजासहित आफूतिर विष लागेको मानिसलाई तान्ने प्रयास गर्छन्। यसरी जसले आफूतिर तानेर विष झार्न सक्छ, त्यो समूह वा समूहका धामी विजेता बन्ने चलन रहेको छ । सतारहरूको मौलिक परम्परा र संस्कारका रूपमा रहेको यो पर्व विशेष गरी झापा जिल्लामा प्रचलनमा छ।)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# सामाजिक समावेशीकरण, समस्या र उपाय



१. **सामाजिक समावेशीकरण भनेको के हो ? नेपालमा सामाजिक समावेशीकरण सुनिश्चित गर्न देखिएका समस्या पहिचान गरी समाधानका उपायहरू उल्लेख गर्नुहोस्।**
✍ उपलब्ध स्रोतसाधन, अवसर र अधिकारमाथि समाजका सबै वर्ग, क्षेत्र वा समुदायका मानिसको समान पहुँच र नियन्त्रण सुनिश्चित गराउने प्रक्रिया नै सामाजिक समावेशीकरण हो । बहिष्करण र वञ्चितीकरणमा परेका व्यक्तिलाई शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गर्न समावेशीकरणका विभिन्न विधि प्रयोग गरिन्छ । सामाजिक समावेशीकरणको माध्यमबाट समाजका सबै तह र तप्काका मानिसको पहिचान, प्रतिनिधित्व, पहुँच र प्रतिष्ठा सुनिश्चित हुन गई समतामूलक समाज निर्माण गर्न सहयोग पुग्दछ।

**सामाजिक समावेशीकरणमा देखिएका समस्या**

**सामाजिक समावेशीकरण सुनिश्चित गर्ने सन्दर्भमा नेपालमा देखिएका समस्या निम्न छन् :**
- लक्षित वर्गसम्बन्धी भरपर्दो र अद्यावधिक तथ्याङ्क प्रणालीको अभाव हुँदा समावेशीकरणका कार्यक्रमहरू प्रभावकारी बन्न नसक्नु,
- समावेशीकरणका कार्यक्रमहरू छरिएर रहनु, दोहोरोपना हुनु र जवाफदेहिता न्यून हुनु,
- समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने अभ्यासको कमी हुनु,
- आरक्षणको व्यवस्थाबाट निश्चित समुदायभित्रका सीमित वर्ग मात्र पटक पटक लाभान्वित हुनु,
- समानुपातिक निर्वाचन प्रणालीबाट नाता र दातालाई मात्र लाभ मिलेको भनी आलोचित हुनु,
- लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र आदिका आधारमा हुने भेदभावहरू कायमै रहनु,
- स्रोतसाधनहरू विनियोजन, सन्तुलित र पारदर्शी बन्न नसक्नु,
- नीति तथा कार्यक्रम तर्जुमामा सरोकारवालाको न्यून सहभागिता रहनु,
- निर्वाचन प्रणाली महँगो हुँदै जानु,
- नीति तथा कार्यक्रम कार्यान्वयनमा अनियमितता, भ्रष्टाचार र स्रोतको चुहावट कायमै रहनु,
- न्यूनतम भौतिक तथा सामाजिक पूर्वाधार उपलब्ध हुन नसक्नु,
- निजी, सहकारी र गैरसरकारी क्षेत्रको पारदर्शिता र संस्थागत सुशासन र सामाजिक उत्तरदायित्वको पक्ष कमजोर रहनु,
- रैथाने ज्ञान, सिप, प्रविधि र संस्कृतिको संरक्षण र विकासमा ध्यान दिन नसक्नु,
- जलवायु परिवर्तन र विपत्जन्य घटना बढ्दै जाँदा आर्थिक तथा सामाजिक रूपमा कमजोर जनसङ्ख्या जोखिममा रहनु।

**सामाजिक समावेशीकरण सुनिश्चित गर्ने उपाय**
- निश्चित आधार र सूचकका आधारमा लक्षित वर्ग पहिचान गरी सोसम्बन्धी विश्वसनीय, अद्यावधिक र भरपर्दो तथ्याङ्क प्रणाली विकास गर्ने,
- समाजमा रहेको कुन वर्ग, क्षेत्र, समूह वा समुदायलाई कसरी र कहिलेसम्म समावेशीकरण गर्ने भन्ने विषयमा नीतिगत र प्रक्रियागत रूपमा प्रस्ट हुने,
- छरिएर रहेका सुविधा, सहुलियत तथा कार्यक्रमहरू पुनर्संरचित गरी एकीकृत रूपमा लक्षित वर्गमा केन्द्रित गर्ने,
- आरक्षण र समानुपातिक प्रतिनिधित्वको विद्यमान अभ्यासमा रहेका विकृतिहरू न्यूनीकरण गर्ने,
- संविधानमा व्यवस्था गरिएका अन्य आयोगहरूको भूमिका प्रभावकारी बनाउने,
- नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- स्रोतसाधनको विनियोजनलाई सन्तुलित र समन्यायिक बनाउन विद्यमान नीतिगत र संस्थागत व्यवस्थालाई प्रभावकारी बनाउने,
- सामाजिक समावेशीकरणका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने शासकीय सक्षमता र राजनीतिक स्थिरता कायम गर्ने,
- नीति तथा कार्यक्रम कार्यान्वयनमा मितव्ययितता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सुपरिवेक्षण, निरीक्षण र अनुगमनलाई सघन बनाउने,
- निर्वाचन प्रणालीलाई कम खर्चिलो बनाई आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्ग, क्षेत्र, समुदायका मानिस सहभागी हुन सक्ने वातावरण बनाउने,
- नेपाली समाजमा रहेका सबै प्रकारका विभेद, शोषण र अन्याय अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माणका लागि राजनीतिक दलले पार्टी पङ्क्तिलाई परिचालन गर्ने,
- स्वदेशी तथा विदेशी लगानी आकर्षित हुने वातावरण बनाई रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने,
- सहकारी र गैससरसँग सहकार्य गरी जीविकोपार्जन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- आदिवासी समुदायको ज्ञान, प्रविधि र संस्कृतिको संरक्षण, संवर्धन र प्रवर्धन गर्न अन्य मुलुकका असल अभ्यासहरूको अनुसरण गर्ने,
- जलवायु परिवर्तन र विपत्जन्य घटनाबाट कमजोर वर्गमा पर्ने प्रभाव न्यूनीकरण गर्न लगानी बढाउने।
- अन्त्यमा, समाजमा सामाजिक न्याय कायम गर्नु राज्यको कर्तव्य हो। समावेशीकरणसम्बन्धी विद्यमान समस्या सम्बोधन गर्दै अगाडि बढेमा मात्र राज्यको कर्तव्य पूरा हुने भएकाले सरकारले सामाजिक समावेशीकरणका सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्नु पर्दछ।

२. **नेपालमा कृषिको विद्यमान अवस्थाबारे चर्चा गर्दै बिस वर्षे कृषि विकास रणनीतिले जोड दिएका विषयहरू उल्लेख गर्नुहोस्।**
✍ भूमि खनजोत तथा मलजल गरी अन्न, तरकारी वा फलफूलको उत्पादन गर्ने तथा घाँसपातको उपयोग गरी पशुपालन गर्ने कार्यलाई समग्रमा कृषि भनिन्छ। अधिकांश नेपाली कृषि पेसामा आबद्ध छन्। कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान उल्लेख्य रहेकाले नेपालको आर्थिक समृद्धिको महत्त्वपूर्ण आधारका रूपमा कृषिलाई लिने गरिन्छ।

**नेपालमा कृषिको विद्यमान अवस्था निम्नानुसार रहेको छ :**
- कृषि पेसामा आबद्ध जनसङ्ख्या घट्दै गएको छ। सन् २०१८ को श्रमशक्ति सर्वेक्षण अनुसार कृषिमा आबद्ध जनसङ्ख्या ६०.४ प्रतिशत रहेकोमा सन् २०२१ को सर्वेक्षण अनुसार ५०.४ प्रतिशत मात्र रहेको छ।
- आव २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत रहने अनुमान छ।
- विगत दस वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको औसत योगदान २६.५ प्रतिशत छ।
- आव २०७८/७९ मा कृषिको उत्पादन २.२४ प्रतिशतले वृद्धि भएकोमा आव २०७९/८० मा २.७३ प्रतिशतले वृद्धि हुने अनुमान छ।
- कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा धान उत्पादनको योगदान उच्च रहेको छ । आव २०७९/८० मा धानको उत्पादन ६.९ प्रतिशतले वृद्धि भए पनि हिउँदे बाली, मासु तथा अण्डाको उत्पादन न्यून हुँदा कुल वृद्धिदर सामान्य रहेको छ।
- पछिल्लो दस वर्षमा कृषि क्षेत्रको औसत वृद्धिदर २.९ प्रतिशत रहेको छ।
- कुल कृषियोग्य जमिन २६ लाख ४० हजार हेक्टरमध्ये ५८ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ।
- वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उच्च रहेका कारण हिमाली र पहाडी क्षेत्रमा कृषियोग्य जमिन बाँझो रहने क्रम बढ्दै गएको छ।
- पछिल्लो पुस्ता कृषिभन्दा सेवा क्षेत्रतर्फ आकर्षित हुने क्रमसँगै कृषिमा आबद्ध जनसङ्ख्या घट्दो छ।
- कृषिजन्य वस्तुको पैठारी उच्च भएका कारण कृषिमा व्यापार घाटा रहेको छ। आधारभूत खाद्यान्नको उच्च अंश पैठारी भई उपलब्ध हुने गरेको छ । यसबाट मुलुक खाद्यान्नमा आत्मनिर्भर हुन निकै मेहनत गर्नुपर्ने देखिन्छ।

**बिस वर्षे कृषि विकास रणनीतिले जोड दिएका विषय**

**शासकीय सुधार, उत्पादकत्व वृद्धि, बजारीकरण र प्रतिस्पर्धी क्षमता वृद्धिलाई प्रमुख अवयवका रूपमा समावेश गरेको कृषि विकास रणनीतिले निम्न उद्देश्य प्राप्तिमा जोड दिएको छ :**
- खाद्य तथा पोषणको अवस्थामा सुधार, गरिबी न्यूनीकरण,
- कृषिजन्य उत्पादनको प्रतिस्पर्धी क्षमता वृद्धि,
- ग्रामीण घरपरिवारको उच्च र समतामूलक आय अवस्था सिर्जना, किसानका हकअधिकारको सुनिश्चितता र सबलीकरण,
- अन्त्यमा, कृषि क्षेत्र नेपालको आर्थिक वृद्धिको प्रमुख आधार हो । कृषिलाई आधुनिकीकरण गर्दै कृषि, सिँचाइ, वाणिज्य, मानव संसाधनलगायतका क्षेत्रगत नीतिमा समयानुकूल परिमार्जन र कार्यान्वयन गरी कृषिको उत्पादकत्व बढाउन आवश्यक देखिन्छ।

३. **पन्ध्रौँ योजनामा समावेश भएका रूपान्तरणकारी आयोजना छनोटका आधारहरू उल्लेख गर्दै आर्थिक क्षेत्र अन्तर्गत पहिचान गरिएका रूपान्तरणकारी आयोजनाहरू जानकारी गराउनुहोस्।**
✍ दीर्घकालीन सोच र पन्ध्रौँ योजनाले लिएको लक्ष्य हासिल गर्न एवं मुलुकको आर्थिक सामाजिक रूपान्तरणको दिशामा बृहत् प्रभाव पार्न पहिचान गरिएका विशिष्ट प्रकृतिका आयोजनालाई रूपान्तरणकारी आयोजना भनिन्छ। पन्ध्रौँ योजनामा आर्थिक, सामाजिक, पूर्वाधार र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र गरी चार क्षेत्रका कुल १८ वटा आयोजनालाई रूपान्तरणकारी आयोजनाका रूपमा पहिचान गरिएको छ । यी आयोजना पहिचान र छनोटका आधार निम्न छन् :

**(क) कुल गार्हस्थ उत्पादनमा योगदान** : आयोजना सम्पन्न भएपश्चात् पाँच वर्षको अवधिमा आयोजना कार्यान्वयनबाट हुने वस्तु तथा सेवा उत्पादन, अन्य क्षेत्रको वस्तु तथा सेवा उत्पादनमा योगदान र उत्पादकत्व सुधारबाट कुल गार्हस्थ उत्पादनको कम्तीमा ०.५ प्रतिशत (वार्षिक औसत) बराबरको योगदान पुग्ने,

**(ख) विषय क्षेत्रगत उपलब्धिमा योगदान** : प्रस्तावित योजना कार्यान्वयनबाट सम्बन्धित विषय क्षेत्रको प्रमुख उपलब्धि हासिल गर्न कम्तीमा २० प्रतिशत योगदान गर्ने,

**(ग) रोजगारी सिर्जना** : कार्यान्वयन चरणमा कम्तीमा २० हजार प्रत्यक्ष रोजगारी र आयोजना सम्पन्न भएपश्चात् कम्तीमा वार्षिक ४० हजार प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने,

**(घ) लाभान्वित जनसङ्ख्या** : आयोजना कार्यान्वयन चरणमा कम्तीमा १० लाख जनसङ्ख्या र आयोजना सम्पन्न भएपश्चात् कम्तीमा २० लाख जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने,

**(ङ) विषय क्षेत्रगत र प्रादेशिक सन्तुलन** : विकासका सूचकमा पछि परेका विषय क्षेत्र र प्रदेशलाई प्राथमिकता दिई विकासमा विषय क्षेत्रगत र प्रादेशिक सन्तुलन कायम हुने।

**आर्थिक क्षेत्र तर्फका रूपान्तरणकारी आयोजना**

**आर्थिक क्षेत्रतर्फ निम्न पाँच आयोजना पहिचान गरी कार्यान्वयनमा ल्याइएको छ :**
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
- सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना,
- समृद्धिका लागि वन कार्यक्रम,
- जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू–सम्बन्ध व्यवस्थापन कार्यक्रम,
- औद्योगिक पूर्वाधार विकास आयोजना,
- अन्त्यमा, स्थानीय तहदेखि नै सबल अर्थतन्त्रको आधार सिर्जना गर्न, प्रादेशिक सन्तुलन कायम गर्न र योजनाले लिएको दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गरी मुलुकको आर्थिक सामाजिक रूपान्तरणलाई गति दिन रूपान्तरणकारी आयोजनाको भूमिका महत्त्वपूर्ण ठानिएको छ।

४. **नेपालको औद्योगिक विकासमा देखिएका समस्या पहिचान गरी त्यसको निराकरणका उपायहरू उल्लेख गर्नुहोस्।**
✍ पुँजी, सिप, उद्यमशीलता, उपकरण र प्रविधिको संयोजन गरी वस्तु तथा सेवाको उत्पादन गर्ने आर्थिक क्षेत्र नै उद्योग हो। यो आधुनिक अर्थतन्त्रको मेरुदण्ड हो । पछिल्लो दस वर्षमा नेपालको कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान औसत ५.६ प्रतिशत रहेको छ। मुलुकको औद्योगिक विकासमा देखिएका समस्या यस प्रकार रहेका छन् :
- नीतिगत अस्थिरता कायम रहनु,
- लगानी र उद्योगमैत्री नीतिको अभाव रहनु,
- उद्यमशीलता र स्टार्ट अपलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु, उद्योग क्षेत्रको विकासका लागि सरकारले घोषणा गरेका छुट सुविधाहरू प्राप्तिमा कठिनाइ हुनु,
- औद्योगिक पूर्वाधारको अभाव रहनु,
- पुँजी र दक्ष जनशक्तिको अभाव कायमै रहनु,
- ब्याजदर महँगो हुँदा लगानी निरुत्साहित हुनु,
- जग्गाको माग र मूल्य वृद्धिसँगै उद्योगका लागि जग्गा प्राप्तिमा समस्या हुनु,
- आयातित कच्चा पदार्थमा आधारित उद्योगहरूको सङ्ख्या उच्च रहनु,
- नेपाली उत्पादनको निर्यातका लागि सहज वातावरण बन्न नसक्नु,
- बजारको अनिश्चतता कायमै रहनु,
- मालवस्तुको अवैध पैठारीका कारण नेपाली बजारमा नेपाली उत्पादनले स्थान पाउन नसक्नु,
- भौगोलिक विषमता, भूपरिवेष्टितता र सामुद्रिक दूरताका कारण निर्यात महँगो हुनु,
- नेपाली उत्पादन प्रतिस्पर्धी बन्न नसक्नु,
- रुग्ण अवस्थाका उद्योगहरूको उचित व्यवस्थापन हुन नसक्नु,
- संस्थागत संस्कृतिको अभाव रहनु,
- अनुसन्धान र विकास प्राथमिकतामा नपर्नु।

**समस्या निराकरण गर्ने उपाय**
- उद्योग क्षेत्र विकास र निजी लगानी सम्बन्धमा सबै राजनीतिक दलीबच नीतिगत मतैक्यता कायम गर्दै लगानीमैत्री वातावरण तयार गर्ने,
- उद्यमशीलता र स्टार्ट अप प्रवर्धनसम्बन्धी नीतिगत व्यवस्था गर्ने,
- उद्योग क्षेत्रको जनशक्ति विकास र अध्ययन अनुसन्धानका लागि सार्वजनिक निजी साझेदारीबाट लगानी गर्ने,
- उद्योग दर्ता, नियमन, छुट सुविधा प्राप्तिलगायतका उद्योग प्रशासनसम्बन्धी कार्यलाई अनलाइन पद्धतिबाट सम्पादन गरी प्रक्रियागत झन्झटहरू कम गर्ने, उद्योग क्षेत्रको विकासका लागि सहुलियत दरमा पुँजी उपलब्ध गराउन वित्तीय प्रबन्ध गर्ने,
- उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधार निर्माणमा लगानी बढाउने,
- उद्योगका लागि जग्गा प्राप्तिलाई सहज बनाउने,
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई थप प्रोत्साहन गर्ने,
- रुग्ण उद्योगको व्यवस्थापनको कार्य प्राथमिकताका साथ सम्पन्न गर्ने,
- निर्यात प्रवर्धनका लागि नीतिगत प्रोत्साहन गर्दै सहज वातावरण तयार गर्ने,
- आर्थिक कूटनीतिमार्फत तेस्रो मुलुक वस्तु निर्यातलाई सहज बनाउने,
- नेपाली वस्तुलाई प्रतिस्पर्धी बनाउन थप प्रोत्साहन सुविधा उपलब्ध गराउने,
- खुला सिमानाका कारण हुने अवैध निकासी पैठारीलाई कडा नियमन गर्ने,
- नेपाली उत्पादनको नेपालीबाट उपभोग गर्ने नीतिलाई सबैबाट कार्यान्वयन गर्ने गराउने,
- श्रमको सम्मान गर्ने र उद्यमशील बन्ने नागरिक संस्कृतिको विकास गर्न विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा यससम्बन्धी विषय समावेश गर्ने,
- उद्योगहरूको संस्थागत संस्कृतिलाई प्रोत्साहन गर्ने।
- अन्त्यमा, औद्योगिक विकासमार्फत मुलुकभित्रै रोजगारीका अवसर सिर्जना गरी नागरिकको आयस्तरमा वृद्धि गर्न सकिन्छ। सार्वजनिक लगानीलाई औद्योगिक पूर्वाधारको विकास र स्वदेशी तथा विदेशी निजी लगानीलाई उत्पादन र रोजगारी वृद्धिमा परिचालन गर्दै अर्थतन्त्रलाई सबल बनाउन आवश्यक देखिन्छ।

५. **विद्युतीय शासनले सुशासन कायम गर्न कसरी योगदान गर्दछ ? आफ्नो धारणा राख्नुहोस्।**
✍ शासकीय मामिलाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई विद्युतीय शासन भनिन्छ । विद्युतीय शासनले सुशासन कायम गर्न पुऱ्याउने योगदानलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :
- सार्वजनिक सेवा र सूचनामा नागरिकको सहज पहुँच स्थापित हुने, सेवा प्रवाहमा बिचौलियाको माध्यमबाट हुने भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने,
- कार्यालयमा कागजी काम, लागत, समय र प्रक्रिया कटौती भई कार्यकुशलता अभिवृद्धि हुने,
- अनलाइन माध्यमबाट नागरिक सहभागिता वृद्धि हुने र नागरिक गुनासो, पृष्ठपोषण, सुझाव सम्बोधन गरी सेवाको गुणस्तर सुधार गर्न सकिने,
- सरकारका कामकारबाही पूर्वानुमेय, पारदर्शी र जबाफदेही हुने, सेवा प्रवाहमा नातावाद, कृपावाद, भनसुन जस्ता विकृति अन्त्य भई विधिको शासन सबल हुने,
- सरकार, व्यवसायी, गैसस र नागरिकसँगको सञ्चार र अन्तर्क्रिया प्रभावकारी हुने।
- अन्त्यमा, विद्युतीय शासनले निजी क्षेत्र र नागरिकसँग सरकारको सम्बन्ध र अन्तर्क्रियालाई सहज बनाउँछ। यसबाट शासकीय क्रियाकलापको प्रभावकारिता वृद्धि भई सुशासनको अनुभूति हुन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**